विं.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २२२ | २०८२ पुस १३ गते आइतबार, नेपाल सम्वत् ११४६ December 28, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-









**गाउँको उत्पादन बजारमा :** ग्रामीण क्षेत्रमा उत्पादित हरियो साग तनहुँको दमौली बजारमा बिक्रिका लागि लिएर हिड्दै एक महिला । ऋषिङ गाउँपालिका तथा व्यास नगरपालिकाको ग्रामीण क्षेत्रका किसानले उत्पादन गरेको तरकारी लगायतका कृषि उपज दमौली बजारमा बिक्रीवितरणका लागि ल्याउने गरिन्छ ।

*तस्विर : भञ्ज्याङ*

## राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइयो

भञ्ज्याङ समाचारदाता/दमौली

राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा व्यास नगरपालिका-३ पञ्चमन्दिरस्थित ज्येष्ठ नागरिक मिलन केन्द्रमा विविध कार्यक्रमको गरिएको छ । ज्येष्ठ नागरिकप्रति सम्मान, सद्भाव र सामाजिक उत्तरदायित्वको भावना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको र आगामी दिनमा थप प्रभावकारी योजना ल्याइने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा उपप्रमुख इन्दिरा दरैले ज्येष्ठ नागरिकको हेरचाह र संरक्षण केवल परिवारको मात्र नभई राज्य र समाजको समेत साझा दायित्व भएको बताइन्। उनले ज्येष्ठ नागरिकमैत्री नीति, सेवा र सुविधाको विस्तारका लागि



कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले ज्येष्ठ नागरिक समाजका अमूल्य धरोहर भएको उल्लेख गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवबाट नयाँ पुस्ताले प्रेरणा लिनुपर्ने बताए। उनले नगरपालिकाले ज्येष्ठ नागरिकको स्वास्थ्य, सामाजिक सुरक्षा तथा सम्मानजनक जीवनयापनका लागि स्थानीय तहले निरन्तर पहल गरिरहेको जानकारी दिइन् ।

वडा अध्यक्ष काशीराम श्रेष्ठले वडास्तरमै ज्येष्ठ नागरिकका समस्या, आवश्यकता र सुझावलाई प्राथमिकतामा राखेर काम गरिने बताउँदै दिवाकालीन ज्येष्ठ नागरिक मिलन केन्द्रले ज्येष्ठ नागरिकलाई आपसमा भेटघाट, मनोरञ्जन तथा

*बाँकी तेश्रो पेजमा*

## मालेपाटनस्थित कोठेगाउँमा बाँसका सामग्री बनाउनेको संख्या घट्दै

भञ्ज्याङ समाचारदाता/लेखनाथ

पोखरा महानगरपालिका-३२ को मालेपाटनस्थित कोठेगाँउमा बाँसका सामग्री बनाउने र बिक्री गर्नेको संख्या घट्दै गएको छ । पहिला गाउँका २८ परिवारले कोठेलगायत बाँसका सामग्री बुनेर बिक्री गर्न गाउँगाउँ पुऱ्याउथे भने अहिले त्यो संख्या घटेर पाँचमा सीमित बनेको हो । "बाँसका चोयाबाट कोठो बुन्ने भएकाले पोखरा-३२ को मालेपाटनस्थित सुनार गाउँलाई परापूर्वकालदेखि कोठेगाउँ भन्ने गरिन्थ्यो, तर युवा शिक्षा, रोजगारीका कारण बाहिर जाने तथा वैकल्पिक पेसा अवलम्बन गर्न थालेपछि गाउँमा बाँसका सामग्री बुन्नेको संख्या २८ बाट पाँचमा झरेको छ, ती पनि उमेर कटेकाहरु मात्र छन्", स्थानीय ६३ वर्षीय गोपाल सुनारले भन्नुभयो ।

उहाँका अनुसार कोठेगाउँका बेरोजगार युवा पनि यो पेसामा आउन मान्दैनन् । "बरू विदेशको खाडीमा पुगेर काम गर्न तयार छन् तर यो पेसा गर्दैनन्। अहिलेका केटाकेटीलाई बाँसको काम गर्न लाज लाग्छ अरे", उहाँले भन्नुभयो । चोयाबाट कोठो, कोत्रो, भकारी, डोका, नाङ्लो बुनेर मासिक रू ३० हजार आम्दानी हुने गोपालले जानकारी दिनुभयो। "पहिलेको जस्तो चोयाका सामग्री बिक्रीका लागि बजार खोज्दै जानु पनि पर्दैन, अहिले घरमै आएर व्यापारीले लैजान्छन्। सीप जानेपछि त्यसले जीवनभर आम्दानीको स्रोत सुनिश्चित गरिरहन्छ", उहाँले भन्नुभयो ।

विसं २०२७ मा गुल्मीबाट आएर पोखरा-३२ को मालेपाटनमा बसेका २८ सुनार परिवारको मुख्य पेसा चोयाका सामग्री बुन्ने र गाउँगाउँमा लगेर बिक्री गर्ने थियो। विशेषगरी कोदो राख्नका लागि प्रयोग हुने कोठो बढी बुन्ने गरिने भएकाले गाउँको नामाकरण नै कोठेगाउँ रहेको गोपालको भनाइ छ ।आगामी १० वर्षपछि कोठेगाउँमा यो पेसा लोप हुने अवस्थामा पुगेको भन्दै गोपालले दुखेसो गर्नुभयो । "यवा बुन्दैनन्, बुढाहरु मरेर जान्छन्, अनि गाउँको पहिचान नै मेटिन्छ । एक-दुई जना युवाले यो पेसालाई निरन्तरता हो भने पनि गाउँको पहिचान रहने थियो कि ?", उहाँले प्रश्न गर्नुभयो ।

मानिसको जन्मदेखि मरणसम्म बाँस र बाँसबाट बनेका सामग्रीको प्रयोग हुने भएकाले यो पेसाको संरक्षण र पुस्तान्तरणमा सरोकार भएका निकाय लाग्नुपर्नेमा गोपालले जोड दिनुभयो । ससाना घरायसी सामग्रीदेखि ठूलाठूला होटल रेस्टुरेन्टसम्म बाँसबाट बनेका सामग्री प्रयोग हुन्छन् । तर, हामीले त्यसको महत्व नबुझ्दा पछि परेका छौँ", उहाँले भन्नुभयो, "युवाहरूलाई यो पेसामा आकर्षण गर्नका लागि लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गरेको व्यापार मेलामा मैले कोठो बुनिरहेको छु ।"

घरेलु उपयोगदेखि फर्निचर, खाद्य सामग्री, व्यापारिक प्रयोजन, पशुआहाराका रूपमा पनि बाँसका सामग्री प्रयोग गरिँदै आइएको छ। साथै भू-क्षय तथा बाढी,पहिरो नियन्त्रणमा पनि यसले सहयोग पुऱ्याउने कृषिविज्ञ बेनीबहादुर बस्नेतले बताउनुभयो । उहाँका अनुसार बाँस ग्रामीण कृषक तथा विपन्न समुदायको आयआर्जनको महत्वपूर्ण स्रोत बनिरहेको छ ।



नेपालमा १२ जातिअन्तर्गत ५३ भन्दा बढी प्रजातिका बाँस पाइने कृषिविज्ञ बस्नेतले जानकारी

*बाँकी तेश्रो पेजमा*

## देवघाटधाम प्लास्टिक निषेधित क्षेत्र घोषणा

भञ्ज्याङ समाचारदाता/देवघाट

तनहुँको पवित्र धार्मिकस्थल देवघाटधामलाई प्लास्टिक निषेधित क्षेत्र घोषणा गरिएको छ । देवघाट क्षेत्र विकास समितिले शुक्रबार एक कार्यक्रम आयोजना गरी उक्त घोषणा गरिएको हो ।

देवघाटधामलाई प्लास्टिक निषेधित क्षेत्र बनाउने अभियानमा देवघाट क्षेत्रमा पर्ने देवघाट गाउँपालिका, भरतपुर महानगरपालिका र गैँडाकोट नगरपालिकासहित विभिन्न धार्मिक आश्रम, डब्लुडब्लुएफ, 'सहमति संस्था' तथा 'नदीसँगै हामी' अभियान लगायतका संस्थाहरूले सहकार्य गरेका छन् ।



भरतपुर महानगरपालिका-१ देवघाटस्थित बसपार्कमा आयोजित घोषणा कार्यक्रममा भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले देवघाटधामलाई प्लास्टिकमुक्त क्षेत्र घोषणा गर्ने उद्देश्य सफल बनाउन सबै सरोकारवालाले आ-आफ्नो स्थानबाट सहयोग गर्न अनुरोध गरिन । उनले भनिन्, "घोषणामा मात्र सीमित हुनु ठूलो कुरा होइन, यसको प्रभावकारी कार्यान्वयन नै सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।"

देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले प्लास्टिकको उचित व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याए । आवश्यक कानुन निर्माण गरी अभियानलाई सहयोग गर्ने उनले प्रतिबद्धता जनाए।

देवघाट क्षेत्र विकास समितिका अध्यक्ष डा ईश्वरीराज लौडारीले देवघाट क्षेत्र मात्र नभई सिङ्गो नारायणी नदी प्रदूषित अवस्थामा रहेको उल्लेख गर्दै देवघाटबाट अभियान सुरू गरी प्लास्टिकजन्य वस्तुको प्रयोग क्रमशः निरूत्साहित गरिने र यसको विकल्पका रूपमा वातावरणमैत्री उपायहरु अवलम्बन गरिने बताए ।

# कामरेड माओत्सेतुङ् : विचार, बहस र आजको सान्दर्भिकता



सुरेशकुमार पाण्डे

आज पनि विश्वका श्रमजीवी क्रान्तिकारी वर्गहरूले माओले देखाएको बाटोलाई पछ्याइरहेका छन्। नेपालजस्तो कृषि प्रधान, भूपरिवेष्टित र आर्थिक रूपमा कमजोर देशमा मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ् विचारधारालाई मार्गदर्शक सिद्धान्तका रूपमा अंगीकार गर्दै कृषि क्रान्तिमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु नै यथार्थपरक बाटो देखिन्छ । कागजमा मात्र समाजवाद लेखेर पुग्दैन, त्यसका लागि आवश्यक भौतिक र आर्थिक आधार तयार गर्नुपर्छ।

कुनै समय हाम्रो देशका विभिन्न कम्युनिष्ट धाराबीच माओवाद र माओत्सेतुङ्का विचारबारे व्यापक बहस चल्ने गर्थ्यो। अहिले पनि यदाकदा यस्ता बहसहरु सतहमा आउँछन्, तर विगतको तुलनामा ती निकै कमजोर देखिन्छन्। कसैले नयाँ जनवादी क्रान्तिका लागि माओवाद अपरिहार्य ठान्छन् भने कसैले नेपालका लागि माओत्सेतुङ् विचारधारा नै उपयुक्त हुने तर्क प्रस्तुत गर्छन्। यस्ता बहस नेपालमा मात्र होइन, विश्वका धेरै देशका क्रान्तिकारी कम्युनिष्टहरूबीच पनि चलेका छन् र अझै पनि चलिरहेका छन्।

बहस र छलफल हुनु सकारात्मक पक्ष हो। तर दुःखद पक्ष के छ भने धेरैजसो अवस्थामा यस्ता बहसहरु निष्कर्षमा पुग्नुको सट्टा कम्युनिष्ट आन्दोलनलाई अझै दुर्व्याउने माध्यम बन्न पुगेका छन्। कम्युनिष्ट पार्टी भनेको श्रमजीवी जनताको हितका लागि निर्माण गरिएको राजनीतिक संगठन हो, जसको वैचारिक आधार कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले निर्माण गरेका हुन् र जसलाई लेनिनले व्यवहारमा पुष्टि गरेका छन्। आज विश्वमा समाजवादी व्यवस्था दुर्लभ देखिए पनि, जहाँ जहाँ सच्चा कम्युनिष्ट व्यवस्था स्थापना भयो, त्यहाँ आमूल परिवर्तन भएको इतिहासले देखाएको छ। तर कम्युनिष्टको आवरणभित्र कम्युनिष्टविरोधी शक्तिहरु पलाउने खतरा सधैं रहन्छ।

नेपालमा पनि यस्ता दुःखद घटनाहरु समय-समयमा दोहोरिँदै आएका छन्। एउटा पार्टी मैत्रीपूर्ण छलफलमार्फत सुदृढ बन्नु सट्टा विभाजनको दिशातर्फ जानु क्रान्तिकारी आन्दोलनका लागि शुभ संकेत होइन। एउटा मजदुर कमजोर हुनु भनेको सम्पूर्ण मजदुर आन्दोलन कमजोर हुनु हो। त्यसैले छलफलको नियत कस्तो छ भन्ने विषयमा कम्युनिष्टहरु सधैं सचेत हुन आवश्यक छ।

आज संसारभर प्रतिक्रियावादी, संशोधनवादी, अवसरवादी र उग्रवामपन्थी भड्कावहरूले विभिन्न कोण र रूपबाट कामरेड माओ त्सेतुङ्को योगदान र विचारमाथि तीव्र हमला गरिरहेका छन्। यस्तो अवस्थामा माओको देनबारे गम्भीर र निरन्तर छलफल हुने आवश्यक देखिन्छ। विडम्बनाको कुरा के छ भने, हिजो माओलाई अध्यक्ष मानेर माओवादलाई मार्गदर्शक सिद्धान्त स्वीकार गरेका धेरै शक्तिहरु आज माओवादबाट पछि हटेका छन्। यही परिवेशमा माओको ऐतिहासिक भूमिका र विश्व कम्युनिष्ट आन्दोलनमा उहाँको योगदानमाथि बहस गर्नु समयसापेक्ष र महत्वपूर्ण छ।

हालै माओत्सेतुङ्को जन्मजयन्ती परेको सन्दर्भमा उहाँले देखाएको बाटो सही थियो कि थिएन, यदि सही थियो भने किन त्यो बाटो त्यागियो भन्ने प्रश्नमाथि छलफल गर्नु असान्दर्भिक हुँदैन। अझ महत्वपूर्ण प्रश्न त के हो भने, हिजो उग्र क्रान्तिकारी नारा लगाउने व्यक्ति वा संगठनहरूबाटै आज माओ विचारधारामाथि निरन्तर आक्रमण किन भइरहेको छ? यस विषयमा केन्द्रित बहस आजको आवश्यकता हो।

यो समस्या नेपालमा मात्र सीमित छैन। विश्वका धेरै देशका कम्युनिष्ट आन्दोलन यस्तै प्रवृत्तिबाट ग्रसित छन्। त्यसैले यस्ता बहसहरु अत्यन्तै सजग, गम्भीर र मैत्रीपूर्ण ढंगले अघि बढाइनु जरुरी छ। अन्तर्राष्ट्रिय स्तरमा पनि लामो समयदेखि साझा मञ्चहरु बनाएर माओवादबारे छलफल हुँदै आएको इतिहास छ। कुनै समय Revolutionary Internationalist Movement (RIM) नामक अन्तर्राष्ट्रिय मञ्च सक्रिय थियो, जसले सुरुमा माओत्सेतुङ् विचारधारालाई र पछि माओवादलाई आफ्नो सिद्धान्तका रूपमा अंगीकार गरेको थियो। भारत, नेपाल, पेरु, बंगलादेश, कोलम्बिया, अमेरिका लगायत करिब १६–१७ देशका कम्युनिष्ट पार्टीहरु त्यसमा आबद्ध थिए। तर पेरुको क्रान्तिकारी युद्धको पतनपछि त्यो मञ्च क्रमशः निष्क्रिय हुँदै हराएको जस्तै भयो।

पछि International Coordination of Revolutionary Parties and Organizations (ICOR) जस्ता पहलहरु भए। यी सबै प्रयासहरूले मालेमा (मार्क्सवाद-लेनिनवाद-माओवाद) को झण्डामुनि विश्व कम्युनिष्ट आन्दोलनलाई जीवित राख्ने र विस्तार गर्ने प्रयत्न गरेका छन्। यही आधारमा श्रमजीवी, किसान, मजदुर र उत्पीडित वर्गको मुक्तिका लागि संघर्ष अगाडि बढिरहेको छ।

कम्युनिष्ट आन्दोलनको भविष्य उज्यालो देखिए पनि त्यसविरुद्ध भइरहेका चौतर्फी आक्रमणप्रति गम्भीर ध्यान दिनु आवश्यक छ। विशेषतः जहाँ कम्युनिष्टहरूको प्रभाव देखिन्छ, त्यहाँ प्रतिक्रियावादी शक्तिहरूले पहिले नै मूल्याङ्कन गरेर विभिन्न आर्थिक र सामाजिक जाल बिछ्याइदिन्छन्। आईएनजीओ, एनजीओ, सहकारीजस्ता माध्यममार्फत क्रान्तिकारीहरुलाई गन्तव्यविहीन बनाउने प्रयास व्यापक रूपमा भइरहेको छ, जसको असर नेपालमा पनि स्पष्ट देखिन्छ। पूँजीवादले पैसालाई सर्वोच्च स्थानमा राख्दा आज बिना पैसा बाँच्नै कठिन अवस्था सिर्जना भएको छ।

यस्तो परिस्थितिमा कम्युनिष्टहरु आपसी साना विवाद, पद-प्रतिष्ठाको लोभ र निम्न पूँजीवादी सोचबाट मुक्त भई एकतालाई मजबुत बनाउनु आजको प्रमुख आवश्यकता हो। संस्कार जोगाउने नाममा रूढिवाद र कुसंस्कारलाई संरक्षण गर्ने प्रयास एकातिर देखिन्छ भने अर्कोतिर प्रगतिशीलताको नाममा पश्चिमी छाडा संस्कृतिको प्रभाव युवामाझ फैलिएको छ। यी दुवै प्रवृत्तिले कम्युनिष्ट एकतामा अवरोध खडा गरिरहेका छन्।

कामरेड माओ त्सेतुङ् स्वयं गरिब किसान परिवारमा जन्मिएर सामन्ती व्यवस्था, कन्फ्युसियस धर्मको प्रभाव र विदेशी हस्तक्षेपको बीचबाट विद्रोही चेतनाको विकास गर्न सफल व्यक्ति हुन्। उहाँले आफ्नै घरबाट विद्रोह सुरु गर्नुभयो। कम्युनिष्टले गर्ने काम भनेकै आफूबाट क्रान्ति सुरु गर्नु हो भन्ने माओको जीवनले देखाउँछ।

माओले चीनको ऐतिहासिक, सामाजिक र भौगोलिक अवस्थाको गहिरो अध्ययन गरी मार्क्सवाद-लेनिनवादलाई आफ्नै देशअनुकूल विकास गर्दै नयाँ जनवादको सिद्धान्त प्रस्तुत गर्नुभयो। अर्धसामन्ती र अर्धउपनिवेशिक अवस्थामा रहेको चीनमा सीधै समाजवादी क्रान्ति सम्भव नभएको निष्कर्ष निकाल्दै उहाँले कृषि क्रान्तिलाई आधार मानेर सन् १९४९ मा नयाँ जनवादी क्रान्ति सफल पार्नुभयो ।

आज पनि विश्वका श्रमजीवी क्रान्तिकारी वर्गहरूले माओले देखाएको बाटोलाई पछ्याइरहेका छन्। नेपालजस्तो कृषि प्रधान, भूपरिवेष्टित र आर्थिक रूपमा कमजोर देशमा मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ् विचारधारालाई मार्गदर्शक सिद्धान्तका रूपमा अंगीकार गर्दै कृषि क्रान्तिमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु नै यथार्थपरक बाटो देखिन्छ । कागजमा मात्र समाजवाद लेखेर पुग्दैन, त्यसका लागि आवश्यक भौतिक र आर्थिक आधार तयार गर्नुपर्छ।

अतः आजको नेपालका लागि चर्को नाराभन्दा व्यवहारिक क्रान्ति, आत्मनिर्भरता र श्रमजीवी जनताको जीवनस्तर उकास्ने कृषि क्रान्ति नै सबैभन्दा सान्दर्भिक मार्ग हो। यही बाटोबाट मात्र देश र जनताको हित सुनिश्चित हुन सक्छ ।

# गोलञ्जोरको जुनार-सुन्तला बगैंचामा पैसाको बिटो !

नारायण न्यौपाने/काठमाडौं

मौलिक दानेदार फल जुनार उत्पादनको केन्द्र गोलञ्जोर गाउँपालिकाको महाभारत क्षेत्रका किसान मात्र होइन, यहाँका व्यापारीलाई समेत जुनार र सुन्तला टिपेटर बजार पठाउन भ्याइ-नभ्याइ छ । जुनार टिप्ने मध्य समय मङ्सिरदेखि पुस १५ गतेसम्म भएकाले यहाँका जुनार-सुन्तला बगैंचामा किसान, कामदार र व्यापारी तछाडमछाड गरिरहेका छन्। स्थानीय वरिष्ठ पत्रकार डण्ड गुरुङ भन्नुहुन्छ, "जन्मथलोको सुगन्धले पत्रकारिता पेसासँगै कृषि कर्ममा जोडिएको छु । हेर्नुस् त पाखैभरि पहेँलपुर जुनार-सुन्तला ! यहाँको बगैंचामा सुनै-सुन छ । बोटमा पैसा फलेको छ ।"

प्रत्येक वर्ष व्यापारीले किसानको बगैंचाबाट फल उठाउने भएकाले अहिले त्यस क्षेत्रमा उनीहरूको उल्लेख्य उपस्थिति छ । तीनकन्या बगैंचामा सुनौला रङका जुनार-सुन्तला हाँगै भाँचिने गरी लटरम्म फलेको देखिन्छ। फल थेग्न नसकेर झुलेका हाँगालाई टेको लगाएर अड्याइएको छ । पैसा कमाउन विदेश जानुपर्छ, पैसा रूखमा फल्छ र ? भन्नेलाई किसानले गलत सावित गरिदिएको उल्लेख गर्दै लटारम्भ जुनार देखाउँदै पत्रकार गुरुङ भन्नुहुन्छ, "हेर्नुस् त्यहाँ रूखमै झुप्पाका-झुप्पा पैसा फलेको छ ।" गोलञ्जोर-४ तीन कन्या माझकुभिण्डेका उत्पादित जुनार-सुन्तला गुणस्तरीय र रसिलो भएकाले खरिद गर्ने व्यापारी पैसाको बिटो बोकेर बगैंचामा घुमिरहेका पाइन्छ । त्यसक्षेत्रका किसानका बगैंचामा न्यूनतम ५० देखि अधिकतम एक हजारसम्म जुनार सुन्तलाका बोट रहेको पाइएको छ । जुनारबाट राम्रो मूल्य पाएपछि यहाँका किसानसमेत हर्षित छन्।

हो, त्यहाँका जुनार-सुन्तलाको एउटै बोटले किसानलाई वार्षिक रूपमा रू २५ हजारसम्म मूल्य बराबरको उत्पादन दिँदै आएको छ। अहिले त्यहाँ बगैंचाबाट जुनार प्रतिकिलो रु ५५ र सुन्तला रू १०० का दरले बिक्री हुँदै आएको छ। बजारमा उपभोक्ता मूल्य भने जुनारको प्रतिकिलो रु ९० र सुन्तलाको रू १३० रहेको छ।



पत्रकार गुरुङले भन्नुभयो, 'तपाईंहरु यहाँको बगैंचा घुम्नुस्, प्रत्येक घरका बगैंचामा जुनार र सुन्तला नामको पहेँलपुर सुनै-सुन फलेको छ । अहिले व्यापारी तछाड-मछाड गर्दै पैसाको बिटो लिएर बगैंचामा घुमिरहेको देख्नुहुन्छ ।' उहाँले भनेजस्तै बगैंचाका प्रत्येक बोटमै पैसा फलेको छ, जुनार-सुन्तला नोटसँग साटिन तम्तयार भएर झुलेको देखिन्छ । गोलञ्जोरको सातै वडाको महाभारत क्षेत्र हावापानीका हिसाबले जुनार-सुन्तला उत्पादनका लागि उर्वर मानिन्छ ।

सरकारी तथ्याङ्कअनुसार त्यस पालिकाबाट मात्रै वार्षिक रूपमा करिब रु ४० करोड मूल्य बराबरको जुनार-सुन्तला उत्पादन हुने गरेको छ।

पत्रकार गुरुङकै सल्लाह र सुझावमा पालिकाले गत मंसिरको २३ देखि २५ गतेसम्म माझकुभिण्डेमा बृहत् जुनार प्रवर्द्धन मेलासमेत आयोजना गरेको थियो । मेलाका अवसरमा बगैंचा पुगेर आफ्नै हातले टिपेर जुनार-सुन्तलाको स्वाद चाख्न तथा बगैंचा अवलोकन गर्न हजारौं व्यक्ति आन्तरिक कृषि पर्यटकका रूपमा पुग्नुभयो ।

स्थानीय मौलिक फल जुनारको राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा प्रचारप्रसार गर्ने, आर्थिक र पौष्टिक महत्वबारे जानकारी गराउने, कृषकलाई सम्मान गर्ने तथा उत्पादन बजारसम्म पुऱ्याउन सरकारसँग सहज सडकको माग गर्ने उद्देश्यले मेला गरिएको थियो । मेलामार्फत देश-विदेशका राष्ट्रिय सञ्चार माध्यममा समेत गोलञ्जोरको जुनारले स्थान र चर्चा पाएको थियो र छ । राज्यप्रति स्थानीयवासीको एउटै गुनासो छ, बीस वर्षदेखि सडक कालोपत्र होस् भनी उठाएको आवाज कहिले पूरा हुन्छ ? पूर्वाधार कार्यालय सिन्धुलीका प्रमुख प्रमुख लक्ष्मीप्रसाद सापकोटा किसानको माग बमोजिम चिल्लो र कालोपत्र सडक भएमा

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। नयाँ काम सुरू गर्दा सफलता मिल्ने सम्भावना छ।

**वृष**
आर्थिक पक्ष मजबुत बन्ने संकेत छ। अड्किएका काम अघि बढ्नेछन्। स्वास्थ्यप्रति भने सजग रहनु उपयुक्त हुन्छ।

**मिथुन**
बौद्धिक क्षमता प्रखर रहने दिन छ। अध्ययन, लेखन तथा सञ्चार क्षेत्रमा सफलता मिल्नेछ।

**कर्कट**
घरायसी काममा समय बित्नेछ। भावनामा बहिएर निर्णय नगर्नु राम्रो हुन्छ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्।

**सिंह**
नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ। सामाजिक प्रतिष्ठा बढ्ने संकेत छ। सहकर्मीको सहयोग प्राप्त हुनेछ।

**कन्य**
पेशागत क्षेत्रमा सकारात्मक परिवर्तन देखिन सक्छ। स्वास्थ्य सामान्य रहला, तर खानपानमा ध्यान दिनुहोस्।

**तुला**
वैदेशिक सम्बन्ध वा यात्राको योग देखिन्छ। पारिवारिक विवाद समाधान हुने संकेत छ। धैर्य र विवेक आवश्यक छ।

**वृश्चिक**
गोप्य योजना सफल हुन सक्छ। आत्मविश्लेषण गर्ने दिन हो। अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुन्छ।

**धनु**
भाग्यले साथ दिने दिन छ। अध्ययन, अध्यापन र धार्मिक कार्यमा मन लाग्नेछ। यात्राबाट लाभ मिल्न सक्छ।

**मकर**
कार्य क्षेत्रमा चुनौती देखिए पनि सफलता मिल्नेछ। जिम्मेवारी बढ्न सक्छ। आर्थिक पक्ष सामान्य रहला।

**कुम्भ**
नयाँ सोच र सिर्जनशीलताले सफलता दिलाउने दिन छ। सामाजिक कार्यमा सहभागिता बढ्नेछ।

**मीन**
भावनात्मक रूपमा संवेदनशील रहने दिन छ। कला, संगीत र साहित्यतर्फ आकर्षण बढ्नेछ।

# गोलन्जोरको जुनार-सुन्तल .........

सजिलै बजारसँग जोड्ने र उत्पादित फल समयमै बिक्री गर्न सजिलो हुने बताउनुहुन्छ ।

जुनार किसानको मागअनुरूप खतियाखर्कबाट बाहुनतिल्पुङ र देउरालीसम्मको सडक प्रदेशिक सरकारको गुरू योजनामा परेकाले सबैको पहलमा बजेट व्यवस्थापन गर्नुपर्ने आवश्यकता उहाँ औँल्याउनुहुन्छ । बिपी राजमार्गको महाभारत क्षेत्रको खनियाखर्कबाट करिब ३५ किमी कच्ची सडकको यात्रा गरी पुग्न सकिने माझकुभिण्डेमा पुग्ने जोकोही पाखैभरि लालुपातेझैँ झुलेका जुनार-सुन्तलाका बोट देखेपछि छक्कसँगै दङ्गसमेत अवश्य पर्ने छन् ।

पछिल्ला वर्षमा त्यहाँ व्यावसायिक उत्पादन गरेका जुनार-सुन्तला किसानले हचुवाका आधारमा बोटबाटै मोलतोल गरी व्यापारीलाई बिक्री गर्दै आएका छन् । जुनार र सुन्तलाको फूल फल्नासाथ व्यपारी टोकनबापतको रकम लिएर किसानका बगैँचामा पुग्ने गरेका छन्। केही वर्षदेखि जुनारमा औँसा, सुडेपुतली र ढुसीलगायत रोग देखिएपछि किसानले जुनारस्रोत तथा अनुसन्धान केन्द्र स्थापनाका लागि माग गरिरहेका छन्। महाभारत शृङ्खलाको काखमा पूर्वउत्तर ढल्किएको तीनकन्या क्षेत्रबाट तल सुनकोशी गडतिर र रामेछाप क्षेत्रको भूगोल तथा गौरी शङ्करलगायत हिमाल छर्लङ्ग देखिने भएकाले प्राकृतिक दृश्यावलोकनका हिसाबले समेत यो भू-भाग महत्त्वपूर्ण मानिन्छ।

**कस्तो फल हो जुनार, नाम कसरी रह्यो ?**

जुनारको इतिहास दुई सय वर्ष अघिको छ । जुनारलाई गोलञ्जोरमै उत्पत्ति भएको फल मानिन्छ। यसको इतिहास नेपालको लोपोन्मुख जाति हायु परिवारसँग जोडिएको छ । प्रारम्भमा जुनारका बिरूवा कोसेलीका रूपमा नजिकको गाउँ वितरण गरिएको भन्ने छ । करेसाबारीमा फलेको अनौठो फल फलेपछि स्थानीय हायु परिवारले तत्कालीन राजा/महाराजलाई चखाउन पठाएका थिए । उहाँहरूले 'जिउनार' गरेको र मिठो रहेको सुनाएपछि त्यो फलको नाम 'जुनार' रहन पुगेको विश्वास गरिएको छ । दानेदार रसिलो जुनार भर्खरै जन्मिएको बालकदेखि वृद्धवृद्धासम्म सबै उमेर समूहलाई खुवाउन मिल्ने फल हो । स्थानीय तीन कन्यामै उत्पत्ति भएको मानिएको जुनारको व्यावसायिक खेती भने विसं २०३२ देखि हुँदै आएको छ ।

नेपालको मौलिक फलका रूपमा परिचित जुनारखेती जिल्लाको एक हजार ११३ हेक्टरमा फैलिएको गोलञ्जोर गाउँपालिका प्रमुख शंकरराज बराल बताउनुहुन्छ। जिल्लामा उत्पादन हुने कुल ९० प्रतिशत जुनार गोलञ्जोरमा उत्पादन हुने गरेको छ । यो वर्ष ११ हजार मेट्रिक टन जुनार यसै क्षेत्रबाट उत्पादन हुने अनुमान छ । महाभारत शुंखलाको ७२ किमी क्षेत्र जुनार-सुन्तला उत्पादनका लागि उपयुक्त मानिएको छ । अनौपचारिक तथ्याङ्कअनुसार त्यस पालिकाबाट मात्रै वार्षिक रूपमा रू ७५ करोड मूल्य बराबरको जुनार-सुन्तला बिक्री हुने गरेको छ । जुनार उत्पादन सहकारी संघ सिन्धुलीका अध्यक्ष निर्मल रम्तेल भन्नुहुन्छ, "स्वादिला र गुणस्तरीय भएकाले होला, व्यापारीहरू पैसाको बिटो लिई बगैँचामै आएर जुनार किन्न व्यापारी तछाड-मछाड गर्छन्, त्यसैले भनिएको हो, यहाँको रूखमै पैसा फल्छ ।" त्यस पालिकाका सात वटै वडामा जुनारखेती छ ।

साथै जिल्लाका अरू गाँउपालिका कमलामाई, सुनकोशी, तीनपाटन, हरिहरपुरगढीमा पनि पछिल्लो समय जुनारखेती विस्तार हुँदै गएको छ । गोलन्जरको एउटा मौलिक फल जिल्लाकै पहिचान बनेको प्रतिक्रिया दिँदै गाउँपालिका अध्यक्ष बराल भन्नुहुन्छ, "जिल्लाभरमा यसको एक अर्बभन्दा बढीको व्यापार छ । धेरैले रोजगारी पाएका छन्। अघिल्ला वर्षमा औँशा र सुडेपुतलीले दुःख दिएकामा अहिले त्यो नियन्त्रण हुँदै गएको छ । यद्यपि हरेक वर्ष रोगकिसाबाट फललाई जोगाउन सजग र सचेत रहनुपर्ने देखिन्छ ।

सिन्धुलीमा उत्पादित जुनारको बजार पूर्वमा काकडभिट्टादेखि पश्चिमा पोखरा र बुटवलसम्म छ। बिपी राजमार्ग भएर पूर्व-पश्चिम यात्रा गर्ने जो कोहीको झोलामा कोसेलीका रूपमा जुनार रहने गरेको छ । सिन्धुलीमाढी, खनिया खर्क र खुर्कोट बजारमा हार मिलाएर बिक्रीका लागि राखिएको जुनारका थुप्राले एक पटक यात्रुको ध्यान खिच्ने गरेको छ । अहिले गाउँमा मात्र होइन, सहरबजारका हरेक फलफूल पसलमा जुनार राखिने गरिएको छ। सुन्तला र एभोगाडोको तुलनामा निकै सस्तो जुनार अत्याधिक रसिलो फल हो । जुनारबाट जुस, स्क्वास, जाम, जेली, मार्मालेड, क्याण्डीजस्ता विभिन्न परिकार बनाउन सकिन्छ । त्यस्तै जुनार बगैँचामा अन्तरबालिकारूपमा भटमास, सिमी, अदुवा, दाल, बेसार र कफीखेतीलाई किसानले अघि बढाइएको छ । त्यसबाट किसान निकै लाभान्वित भएका छन् । नयाँ बालिका रूपमा त्यस क्षेत्रमा एभोकाडो र अम्बा पनि किसानले भित्र्याएको देखिन्छ ।

गाउँपालिका उपाध्यक्ष ज्वालाप्रसाद न्यौपाने भन्नुहुन्छ, "जुनार-सुन्तला खेतीका लागि यहाँको हावापानी उपयुक्त छ, उत्पादित फल निकै मिठो छ ।" यस क्षेत्रमा उत्पादित जुनार-सुन्तलालाई सहजरूपमा बजारसम्म पुऱ्याउन तथा यसको महत्त्वबारे राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा परिचित गराउने अभियानमा जनप्रतिनिधिहरू जुटिरहेको उहाँ बताउनुहुन्छ ।

भर्खरै जन्मिएको शिशुदेखि १०० वर्षसम्मका वृद्धलाई पनि जुनारका रख खुवाउँदा कुनै असर गर्दैन । बरू हुर्कन र ताकत प्राप्त हुन्छ । त्यसैले पनि जुनारको माग र महत्त्व बढेको छ । तर यति हुँदाहुँदै पनि किसानको रोजाइमा भने जुनारको तुलनामा सुन्तला नै रहेको पाइन्छ । सुन्तला सर्लक छोडार खान सजिलो हुन्छ । रोग किराको सङ्क्रमण जुनारको दाँचोमा सुन्तलामा कम हुन्छ । स्थानीय गुणबहादुर ठकुरीका अनुसार सुन्तला एक गाडी लिएर बेच्न निस्कियो भने रू डेढ लाख कमाइन्छ भने सोही परिणामको जुनार बेच्दा रू ५० हजार मात्र हुन्छ ।

तथापि, जुनार नेपालकै मौलिक फल रहेकाले यसको प्रचारप्रसार गरी किसानलाई बजारको पहुँच सहजताका लागि सरकारले कालोपत्रे कृषि सडक बनाइ दिनुपर्ने उहाँको भनाइ थियो। उहाँका अनुसार, उपयुक्त हावापानी भएकाले नेपाल र नेपालीका लागि आम्दानीको राम्रो स्रोत जुनार-सुन्तलाभन्दा राम्रो अरू केही छैन। पैसा कमाउन युवापुस्ता बाहिर जान पर्दैन । यही स्रोत राम्रो छ।

विसं २०३५ देखि व्यावसायिक जुनारखेती गर्दै आउनुभएका ठकुरीको हाल ६०० बोट जुनार सुन्तला छ। उहाँको वार्षिक कमाइ हाल रू ३० लाखसम्म हुँदैआएको छ । पछिल्लो समय रामेछाप, ओखलढुङ्गा, मकवानपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा लगायत जिल्लामा पनि जुनारखेती व्यावसायिक रूपमा अघि बढिरहेको छ । जुनारखेती विस्तार र प्रवर्द्धन सरकारले कालोपत्र सडक, मेला र महोत्सव गर्नुपर्ने व्यावसायिक खेती गर्दै आएका किसानको भनाइ छ । हुन पनि बजार व्यवस्थापन, सहज पहुँच र प्रचारप्रसार गर्न सके रसिलो, पोषिलो अनि स्वादिलो नेपालकै स्थानीय मौलिक फल जुनारले अरू फलफूलसँग प्रतिस्पर्धा गर्न पर्दैन ।

सिन्धुली जुनार संघका अध्यक्ष कर्णबहादुर आलेमगर हावापानीका कारण धेरै गुणस्तरीय फल उत्पादनको सम्भावना रहेको बताउनुहुन्छ । यद्यपि कृषक गुणबहादुर ठकुरीका अनुसार माझकुभिण्डे आम्दानीको हिसाबले धेरै फल्ने, छिटो बिक्री हुने, पैसा पनि धेरै आउने भएकाले सुन्तला प्रतिको मोह बढ्दो छ । रासस

# राष्ट्रिय ज्येष्ठ नागरिक .....

सामाजिक सक्रियतामा जोड्ने महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे।

ज्येष्ठ नागरिक मिलन केन्द्रका अध्यक्ष चित्र बहादुर क्षेत्रीको अध्यक्षतामा आयोजित कार्यक्रममा वडा अध्यक्ष अनुप राना, समितिका सचिव रेवत बहादुर कुवरलगायत वक्ताहरूले ज्येष्ठ नागरिकले भोग्दै आएका समस्या, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा भत्ता, पहुँचयुक्त सेवा तथा सम्मानजनक जीवनयापनका विषयमा आ-आफ्ना धारणा राखेका थिए। कार्यक्रममा सहभागी ज्येष्ठ नागरिकहरूले पनि आफ्ना अनुभव, समस्या र सुझाव प्रस्तुत गर्दै सेवा-सुविधाको दायरा अझ विस्तार गर्न माग गरेका थिए।

उक्त अवसरमा ज्येष्ठ नागरिकहरूलाई दोसल्ला तथा सम्मानपत्र प्रदान गरी सम्मान गरिएको थियो। साथै निःशुल्क स्वास्थ्य जाँच कार्यक्रमसमेत सञ्चालन गरिएको थियो। स्वास्थ्य जाँचले ज्येष्ठ नागरिकको नियमित स्वास्थ्य परीक्षणमा सहयोग पुगेको सहभागीहरूले बताएका छन्।

कार्यक्रमको सहजीकरण महिला विकास अधिकृत राधा आचार्यले गरेकी थिइन्। उनले कार्यक्रमको उद्देश्य र महत्वबारे प्रकाश पार्दै ज्येष्ठ नागरिकमैत्री समाज निर्माणका लागि सबैको सक्रिय भूमिका आवश्यक रहेको बताइन्।

राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा आयोजित यस कार्यक्रमले ज्येष्ठ नागरिकप्रति सम्मान र सरोकार बढाउन सकारात्मक सन्देश दिएको ज्येष्ठनागरिक मिलन केन्द्रका अध्यक्ष चित्र बहादुर क्षेत्रीले बताए। यसै अवसरमा व्यास नगरपालिकाले पालिकाभित्रका विभिन्न स्थानमा पनि राष्ट्रिय ज्येष्ठ नागरिक दिवस विविध कार्यक्रम गरी मनाएको थियो ।

# मालेपाटनस्थित .......

दिनुभयो । उहाँका अनुसार यीमध्ये सात प्रजातिका बाँस संसारमा कतै नपाइने रैथाने (इन्डेमिक) प्रजातिका छन् । "नेपालमा दुई जातिअन्तर्गत १० प्रजातिका बेतहरू पाइन्छ । बेत पनि बाँस प्रजातिम पर्ने विज्ञहरू बताउँछन्", उहाँले भन्नुभयो ।

नेपालका तराईदेखि पहाडी क्षेत्रमा बाँस पाइन्छ । तराईको सबैभन्दा होचो भाग झापा जिल्लाको कचनकवल क्षेत्रदेखि चार हजार मिटर उचाइसम्म बाँस पाइने कृषिविज्ञ बस्नेतले जानकारी दिनुभयो ।

नेपालमा बाँसको टुसा खानेदेखि बाँसका ह्यान्डीग्राफका रूपमा समेत प्रयोग हुन्छ । बाँसका टुसा अचार, तरकारीका रूपमा खाने गरिन्छ । "बाँसबाट एक हजार ५०० प्रकारका वस्तु बनाउन सकिन्छ", बस्नेतले भन्नुभयो, "डोको, नाम्लो, सुपो (नाङ्लो), टेबल, कुर्सीलगायत विभिन्न सामग्री बनाउन सकिन्छ ।" बाँसबाट निर्मित हस्तकला, फर्निचर र घरायसी सामग्रीको माग स्वदेश तथा विदेशमा बढिरहे पनि पर्याप्त ज्ञान र सीपको कमीले व्यावसायिक खेती प्रणालीको विकास हुन नसकेको उहाँको भनाइ छ ।

बाँसको आन्तरिक बजार अनुमानित एक अर्ब बराबर रहेको जनाउँदै कृषिविज्ञ बस्नेतले छिमेकी मुलुक चीन र भारतसँग समन्वय गरी सरकारले व्यावसायिक बाँसखेतीको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो । "यहाँ खपत हुने बाँसका कच्चा सामग्रीका लागि नेपाल आत्मनिर्भर छ । तर, बेत सामग्री भारत र बङ्गलादेशबाट आयात हुन्छ। बाँसका सामग्री आयात र निर्यातमा नेपालले व्यापार घाटा व्यहोर्नु परिरहेको छ", उहाँले भन्नुभयो । रासस

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा
**प्रत्येक महिनाको शनिबार:** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछानेद्वारा** स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तैः- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।




विवाह वारी २० वर्ष पारी
सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ

बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो
हामी सबै मिली बालविवाह अन्त्य गरौं, सभ्य समाजको निर्माण गरौं ।
व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ । गण्डकी प्रदेश

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।



**तमु ल्होसार** : तमु ह्युल छौंज धिं गुरूङ राष्ट्रिय परिषद शुक्लागण्डकी नगर इकाई समिति तनहुँद्वारा शनिबार दुलेगौंडामा तमु ल्होसार (नयाँ वर्ष) पर्वका अवसरमा निकालिएको झाँकीमा जातिय पहिचान झल्कने भेषभूषामा सजिएर सहभागि भएका गुरूङ समुदायका महिलाहरू । गुरूङ समुदायले यस वर्ष सर्प वर्गलाई बिदाइ र घोडा वर्गलाई स्वागत गर्दै तमु ल्होसार मनाइदै छ । *तस्विर : भञ्ज्याङ*

facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

'सेलेब्रेटी' व्यक्तित्वका आधारमा बनेका नयाँ दलहरूमा एउटा विरोधाभासी जस्तो लाग्ने प्रवृत्ति देखिन्छः संगठन जति विस्तार हुन्छ, मत त्यति घट्ने। पार्टी संरचना तिब्र विस्तार हुँदै जाँदा स्थानीय तहमा बनाइने समितिहरूमा प्रायः स्थानीय स्तरमा खासै स्थापित नभएका व्यक्तिहरु पर्छन्, र त्यस्ता व्यक्तिहरूले आममत आकर्षित गर्न सक्दैनन् । बरू स्थानीय समिति नहुँदा मतदाताहरु केन्द्रिय नेतृत्व वा पार्टी नेताको व्यक्तित्वलाई हेरेर मतदान गर्ने गर्छन् ।



**सुरेश भण्डारी**
x.com/Sureshkshetri09

संसद भवन जलाउन जाँदा प्रहरीले चलाएको गोली लागेर, लुट्न जाँदा आफ्नै साथीले लगाएको आगोमा जलेर, जेलबाट भाग्न खोज्दा प्रहरी र आर्मीले चलाएको गाली लागेर अनि आन्दोलनकारिले हत्या गरेको सबैलाई जोडेर ओलीलाई ७६ जनाको हत्यारा भन्ने अभियोग लगाउनेहरू किरियापुत्रीदेखी बिद्यार्थीसम्मलाई घाँटी रेटेर हत्या गर्ने, सयौ निर्दोष निहत्था नागरिकलाई बारूदी सुरूङमा पारेर मार्ने हिंस्रक आन्दोलनलाई महान जनयुद्द भनेर गर्व गर्ने बाबुरामहरू चाही ठिक लाग्ने रे !

# तनहुँ प्रहरीद्वारा पाँच जना फरार प्रतिवादी पक्राउ

**भञ्ज्याङ समाचारदाता/दमौली**

जिल्ला प्रहरी कार्यालय तनहुँले विभिन्न मुद्दामा फरार रहेका प्रतिवादी तथा जेनजी आन्दोलनको क्रममा कारागार तोडफोड गरी फरार भएका पाँच जना कैदी तथा थुनुवालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानबाट खोजतलास गरी फरार प्रतिवादीलाई शुक्रबार पक्राउ गरेको हो । पक्राउ परेका प्रतिवादीलाई लगत कट्टा प्रयोजनका लागि जिल्ला अदालत तनहुँमा उपस्थित गराइएको तथा कैद भुक्तान गर्नुपर्ने कैदीलाई जिल्ला कारागारमा बुझाइएको प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए ।

पक्राउ पर्नेमा व्यास नगरपालिका-८ बस्ने ५२ वर्षीय शमशेर कुमाल रहेका छन् । उनीमाथि जबरर्जस्ती चोरी मुद्दामा जिल्ला अदालतको लगत नं ५८१ अनुसार रू ४७ हजार ८५० जरिवाना तोकिएको थियो । धरौटी तिर्न नसकेपछि निजलाई कारागार चलान गरिएको थियो ।

त्यसैगरी बन्दीपुर गाउँपालिका-४ का ३४ वर्षीय आशिष कायस्थ लागुऔषध मुद्दामा पक्राउ परेका छन्। कायस्थ रू २७ हजार जरिवाना तिरेर छुटेका छन् । घिरिङ गाउँपालिका-१ बस्ने २७ वर्षीया प्रितिमाया थापा बहुविवाह मुद्दामा पक्राउ परेकी छन्। उनलाई ११ महिना १३ दिन कैदसहित रू १० हजार जरिवाना तोकिएको छ। निजलाई कैद भुक्तानका लागि कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

यसैगरी जेनजी आन्दोलनका क्रममा कारागार तोडफोड गरी फरार भएका म्याग्दे गाउँपालिका-१ बस्ने ४९ वर्षीय सीताराम कामी र शुक्लागण्डकी नगरपालिका-२ बस्ने २२ वर्षीय अनमोल रिमाललाई पक्राउ गरिएको प्रनाउ विकले बताए । उनका अनुसार पक्राउ परेका कैदी तथा थुनुवालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी कैद भुक्तानका लागि जिल्ला कारागारमा बुझाइएको छ ।

# नेकपा तनहुँबाट प्रतिनिधि सिफारिस

**भञ्ज्याङ समाचारदाता/दमौली**

नेपाली कम्युनिष्ट पार्टी तनहुँले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रतिनिधि सिफारिस गरेको छ । क्षेत्र नं. १ मा प्रतक्ष तर्फ नेता विद्या ढकाल, आँबुखैरेनी गाउँ पालिकाका अध्यक्ष सुत्र चुमान, युवाबाट रामहरि बजगाई, महिलाबाट कोपिला पोखे्रल र नारायण बहादुर कार्की क्षेत्री सिफारिसमा परेका छन् । क्षेत्र नं. २ बाट प्रत्यक्ष तर्फ विनिसा आले, विकास नेपाली, शंकर पोखे्रल, सोमबहादुर थापा र भुपाल थापालाई सिफारिस गरेको जिल्ला इञ्चार्ज सूर्यबहादुर गौलीले जानकारी दिए।

पार्टीले समानुपातिक उम्मेदवारको पनि सिफारिस गरेको छ । खस आर्य महिलाबाट गीता शाही, मुस्लिम महिला कलिला खान, दलित महिला जौमाया बराल सुनार, खस आर्य महिलाबाट मीना अधिकारी, सहिद परिवारबाट देवचन्द्र अधिकारी, आदिवासी जनजाति र सहिद परिवारबाट रामबहादुर थापा, आदिवासी जनजाति पुरूषबाट कुलबहादुर गुरूङ, दलित पुरूषबाट सोमबहादुर नेपाली र सिताराम घले परिवार र खस आर्यबाट लक्षामी पण्डितलाई सिफारिस गरिएको नेपाली कम्युनिष्ट पार्टीले जनाएको छ ।

# डुम्रे बचत तथा ऋण सहकारीको साधारण सभा

**भञ्ज्याङ समाचारदाता/डुम्रे**

तनहुँको बन्दीपुर गाउँपालिका-१ डुम्रे बजारस्थित डुम्रे बचत तथा ऋण सहकारी संस्थाले १९औं वार्षिक साधारण सभा शनिबार सम्पन्न गरेको छ। संस्थाका अध्यक्ष रामकुमार पियाको सभापतित्वमा आयोजित कार्यक्रमको संस्थापक शेयर सदस्य एवं ज्येयठ नागरिक अजय नारायण पियाले शुभारम्भ गरेका थिए।

संस्थाका कोषाध्यक्ष शम्भर बहादुर गुरूङले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको शेयर पूँजी रू. २ करोड ८७ लाख ९९ हजार ५ सय पुर्‍याई १८ करोड ४९ लाख ३३ हजार १७३ रूपैयाँ ब्यालेन्ससिटमा ४८ लाख ७९ हजार १७९ रूपैयाँ खुद नाफा आर्जन भएको र आगामि आवमा १८ करोड ७८ लाख ३८ हजार ८७९ रूपैयाँ पुर्‍याउने लक्ष्य लिएको जनाए ।

यस्तै, संस्थाका सचिव राज कपूर पियाले सहकारी आन्दोलनको जागरण, संस्थागत विकास, व्यावसायिक एकरूपता तथा स्थिरीकरणका चरण पार गर्दै अगाडि बढिरहेको उल्लेख गर्दै प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए।

साधारण सभाको अवसरमा संस्थाको स्थापना तथा विकासमा योगदान पुर्‍याउने उत्कृष्ट कारोबारी सदस्यहरु र संस्थामा अनुशासित भई कार्यरत कर्मचारीहरूलाई सम्मान गरिएको थियो । कार्यक्रममा अध्यक्ष पियाले डुम्रे बजारको जेठो सहकारीका रूपमा संस्थाले समाजको आर्थिक विकास, सुशासन र सहभागितामूलक सहकारी मूल्य-मान्यता अनुरूप प्रभावकारी भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे । उनले नेपाल सरकारद्वारा जारी ऐन तथा नियमहरूको पूर्ण पालना गर्दै सहकारीलाई अझ सुदृढ बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

"आत्मनिर्भर समृद्ध म्याग्देको आधार : मानव विकास, कृषि, पर्यटन र पूर्वाधार"

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय
छाङ,तनहुँ

व्यवसाय दर्ता तथा सूचीकृत सम्बन्धी सूचना !

म्याग्दे गाउँपालिका भित्र सञ्चालनमा रहेको उद्योगी, व्यापारी, होटल व्यवसायी, कृषक तथा अन्य विभिन्न व्यवसाय सञ्चालन गरी म्याग्दे गाउँपालिकामा दर्ता/सूचीकृत भएकाहरुका लागि नविकरण साथै दर्ता /सूचीकृत नभएका व्यवसाय नयाँ दर्ताका लागि म्याग्दे उद्योग वाणिज्य संघको सहकार्यमा तपशिल बमोजिमको स्थानमा शिविर मार्फत सेवा दिन यो सूचना सूचित गरिन्छ ।

म्याग्दे गा.पा.वडा नं. १
समय : बिहान ११ बजेदेखि ५ बजेसम्म
मिति : २०८२/९/११
स्थान : वडा नं. १ को कार्यालय

म्याग्दे गा.पा.वडा नं. २
समय : बिहान ११ बजेदेखि ५ बजेसम्म
मिति : २०८२/९/१८
स्थान : वडा नं. २ को कार्यालय

म्याग्दे गा.पा.वडा नं. ५
समय : बिहान ११ बजेदेखि १ बजेसम्म
स्थान : छाङ पाटन
मिति : २०८२/९/२०
समय : दिउँसो २ बजेदेखि ४ बजेसम्म
स्थान : वडा नं. ५ को कार्यालय

म्याग्दे गा.पा.वडा नं. ७
समय : बिहान ११ बजेदेखि ५ बजेसम्म
मिति : २०८२/९/२४
स्थान : वडा नं. ७ को कार्यालय

म्याग्दे गा.पा.वडा नं. ४
समय : बिहान ११ बजेदेखि ५ बजेसम्म
मिति : २०८२/९/२८
स्थान : उद्योग वाणिज्य संघ, कार्यालय,थर्पुबजार

आवश्यक कागजपत्र :
१. नागरिकताको प्रतिलिपी : १
२. सञ्चालकको फोटो : ३ प्रति
३. भाडामा सञ्चालन भएको भए सम्झौता पत्र ।
४. स्वयम् व्यक्तिको नाममा रहेको भए लालपूर्जा ।
५. अन्य निकायमा व्यवसाय दर्ता भई सकेको भए दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।
६. मुचुल्का गर्नुपर्ने व्यवसायको हकमा मुचुल्क ।
(जस्तै : होटल, रेष्टुरेण्ट, कुखुरा/पशु फारम, उद्योग)

Business REGISTRATION

समावेशी समाजको प्रवर्द्धन : सामाजिक उन्नतिको संवर्द्धन

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं ।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं ।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं ।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्ध गरौं ।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं ।

परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४